# प्रशासनिक नीति विवरण

**नीति शीर्षक:** यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार तथा पछ्याउनु

**ए.पी.एस क्रमसंख्या:** ५०१४ **ए.पी.एस. क्रियाशील क्षेत्र:** **मानव संसाधन (HUMAN RESOURCES)**

**संक्षिप्त विवरण:** निषेध गरिएका सबै किसिमका यौन दुराचारहरु, यौन आक्रमण/हातपात/बलात्कारको परिभाषामा व्याख्या गरिएका - गैर-सहमतिय सहवास, यौन आक्रमण/बलात्कार – गैर-सहमतिय यौन स्पर्श/संसर्ग, यौन शोषण, अंतरंग संगी दुर्व्यवहार (घरेलू वा डेटिंग हिंसा लगायत), पीछा गर्नु/पछ्याउनु, तथा यौन उत्पीडनहरु।

**कार्यान्वयन मिति:** अक्टोबर १, २०१८

**द्वारा स्वीकृत:** अध्यक्ष ब्रूस डी. बेन्सन

**उत्तरदायी विश्वविद्यालय अधिकारी:** टाईटल IX समन्वयकहरु

**उत्तरदायी कार्यालय:** संस्थागत निष्पक्षता कार्यालय (Office of Institutional Equity)

**नीति सम्बन्धित सम्पर्कको लागि:** संस्थागत निष्पक्षता कार्यालय (Office of Institutional Equity)

**प्रतिस्थापित गरिने:** यौन दुराचार, जुलाइ १, २०१५

**हालैको समीक्षा/अद्यावधि:** अक्टोबार १, २०१८

**लागू हुने क्षेत्रहरु:** सम्पूर्ण क्याम्पसहरु। यस नीतिको प्रायोजनका लागि प्रणाली प्रशासनलाई क्याम्पसको रुपमा मानिने तथा यस दस्तावेज भित्र रहेका कुनै पनि अपेक्षाहरु अंगीकार गरिनुपर्ने।

**नीति-नियम हुनुको कारण:** यो नीति तथा क्याम्पसका अपेक्षीत उजुरी प्रक्रिया तथा कार्यविधिहरु निम्न संघीय कानूनहरु अनुसार अनुपालन रहने, सो का कार्यान्वयन अधिनियमहरु, तथा सम्बन्धित संघीय कार्यालय मार्गदर्शनहरु लगायत, प्रासंगिक राज्य कानून तथा राज्य-संरक्षकका नीतिहरु (Laws of the Regent), अनुपालन गर्ने/गराउने अभिप्राय रहेको हो:

- १९७२ को शैक्षिक संशोधनहरु अन्तर्गतको शीर्षक IX (“Title IX”); Title IX of the Education Amendments of 1972
- महिलाहरु विरुद्ध हिंसा पुन:प्राधिकरण ऐन (“VAWA”); The Violence Against Women Reauthorization Act
- ज्ञँ क्लेरी क्याम्पस सुरक्षा नीति तथा अपराध तथ्यांक खुलासा ऐन (“Clery Act”); The Jeanne Clery Disclosure of Campus Security Policy and Crime Statistics Act
- नागरिक अधिकार ऐन १९६४ अनुसारको शीर्षक VII (“Title VII”); Title VII of the Civil Rights Act of 1964
- कोलोराडो संशोधित विधान २४-३४-४०२; तथा Colorado Revised Statute 24-34-402
- राज्य संरक्षकहरुका कानूनहरु अन्तर्गतको धारा १० (Article 10) Article 10 of the Laws of the Regents

## I. भूमिका

बिद्यार्थी, संकाय, तथा कर्मचारीहरुले, लैंगिक भेदभाव लगायतका, भेदभावहरुको शिकार हुन नपरोस भन्ने सुनिश्चित गर्न विश्वविद्यालय कटिबद्ध रहेको छ। लैंगिक भिन्नतामा आधारित हुने, *यौन आक्रमण, यौन उत्पीडन,* तथा अन्य प्रकारका हिंसाहरुले समान शैक्षिक तथा रोजगारका अवसरहरुबाट वंचित गराउने अवस्थालाई भेदभावको रुपमा मानिन्छ।

यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार तथा पछ्याउनु नीति (“Sexual Misconduct Policy”), कोलोराडो विश्वविद्यालयमा शैक्षिक तथा पेशागत अनुभवहरुमाथिको पहुँच सुनिश्चित गर्न निर्माण गरिएको हो। निषेधित आचरण तथा सूचित गर्ने उत्तरदायित्वहरु लगायत, सम्बन्धित पक्षहरुका लागि रहेका क्याम्पस स्थित सहायता सेवाहरुको व्याख्या यो नीतिले गर्दछ। यो नीति अनुसार, हरेक क्याम्पसमा *यौन दुराचार* लाई सम्बोधन गरि, सबै पक्षहरुले छिटो-छरितो, न्यायसंगत, तथा निष्पक्ष उपचार पाउने, सम्बन्धित सबैका अधिकार तथा ईज्जत-प्रतिष्ठाको सुरक्षा सुनिश्चित हुने गरि, प्रदान गर्न विशेषज्ञहरु नियुक्त निर्दिष्ट कार्यालय अनिवार्य हुनुपर्दछ। यी कार्यालयहरुले यो नीति कार्यान्वयन गर्ने/गराउने तथा सम्बन्धित क्याम्पस प्रक्रियाहरु लागू गराउंदछ। यो नीतिको सम्बन्धमा रहेको कुनै समस्या भोगेका वा सल्लाह आवश्यक रहेका ब्यक्तिहरुले आफ्ना क्याम्पसमा रहेका निर्दिष्ट कार्यालयमा परामर्शकोलागि सम्पर्क गर्नुहोला। विश्वविद्यालयका अनिवार्य सूचक रहेका कर्मचारीहरु (“responsible employees”)ले यो नीतिमा देहाय बमोजिम, *यौन दुराचार* को सूचना तत्काल खबर गर्नुपर्दछ।

संयुक्त राष्ट्रको संविधान, कोलोराडोको संविधान, तथा राज्य संरक्षकहरुका कानून (United States Constitution, Colorado Constitution and the Laws of the Regents) हरुले प्रत्याभूत गरे अनुरुप विश्वविद्यालयका संकाय, बिद्यार्थी, तथा कर्मचारीहरुले वाक्-स्वतन्त्रताको उपभोग गर्न पाउंदछन। यो नीतिको उद्देश्य वाक्-स्वतन्त्रतामा अंकुश लगाउने नभई, विश्वविद्यालय समुदायका सदस्यहरुलाई भेदभाव तथा उत्पीडनबाट जोगाउनका लागि हो। राज्य संरक्षकहरुका कानून(Article 5.D)ले व्याख्या गरे अनुसार, कोलोराडो विश्वविद्यालयले शैक्षिक स्वतन्त्रतालाई पनि मान्यता प्रदान गर्दछ, तथा पाठ्यक्रम सामग्रीसंग, शैक्षिक विधिसंग, अन्वेषणसंग, वा छात्रवृत्तिसंग, वा कक्षाकोठामा बिद्यार्थी तथा संकायको राजनैतिक अभिव्यक्ति वा शैक्षिक दृष्टिकोणसंग वैधानिकरुपमा सम्बन्धित आचारलाई निषेध गर्न/गराउन यो नीतिलाई बुझिने हिसाबमा अनुवाद गरिने छैन।

अन्य कुनैपनि किसिमका भेदभाव तथा उत्पीडनहरु विश्वविद्यालयले प्रतिबन्धित गरेको छ। यो नीतिले *यौन दुराचार* लाई भेदभाव तथा उत्पीडनका प्रकारका रुपमा सम्बोधन गर्दछ। यौन दुराचारको रुपमा नभएका भेदभाव तथा उत्पीडन भोगेका कुनै पनि ब्यक्तिले सो घटना-अवस्थाको सूचना क्याम्पसमा रहेको संस्थागत निष्पक्षता कार्यालय(Office of Institutional Equity)मा खबर गर्नु पर्नेछ।

यो प्रशासनिक नीति विवरणले कोलोराडो विश्वविद्यालयका नीतिहरु तथा प्रक्रियाहरुलाई, संभावित *यौन दुराचार* को घटनामा अनुसन्धान तथा उपचारात्मक प्रायोजनका लागि, व्याख्या गर्ने तथा सहयोग पुर्याउनेछ। यो नीतिका कर्तब्यहरु गर्ने/गराउने विषय-वस्तु अन्तर्गत, कुनै ब्यक्ति तथा कोलोराडो विश्वविद्यालय बिच, ब्यक्त वा लिखितरुपमा, यो नीतिले कुनै करारपत्र स्थापित गरेको हुंदैन। उपयुक्त रहेको अवस्थामा यो प्रशासनीक नीति विवरण परिमार्जन गर्ने अधिकार विश्वविद्यालयले राख्दछ।

## II. परिचय

*यौन दुराचार,* निम्न व्याख्या गरिए अनुसार, एक प्रकारको लैंगिक भेदभावको रुप हो। सबै ब्यक्तिहरुका लागि लैंगिक भेदभाव रहित वातावरणमा पढ्न तथा काम गर्न पाउने व्यवस्था प्रदान गर्न विश्वविद्यालय कटिबद्ध छ।

विश्वविद्यालयका शैक्षिक कार्यक्रमहरु, गतिविधिहरु वा रोजगारको सिलसिलामा *यौन दुराचार* को शिकार भएका वा सो किसिमका अनुभव भोग्नु परेका जो कोहिले पनि आफ्नो समस्या/सुर्ता, *प्रतिशोध* को डर-त्रास नराखि निर्धक्क रुपमा सूचना दिन सक्छन, जुन सूचनाहरु हाम्रो यो प्रतिबद्धताको लागि अति-महत्वपूर्ण रहन्छ।

*यौन दुराचार* को रोकथाम तथा सूचित गर्न प्रोत्साहन गर्ने वातावरणलाई मलजल गर्ने उद्धेश्यले, समुदायलाई शिक्षित गर्ने, सम्पूर्ण सूचनाहरुप्रति तत्परताकासाथ प्रतिक्रिया गर्ने, विश्वविद्यालयको सुरक्षा वातावरण कायम राखिराख्न आवश्यक रहेको अवस्थामा यथोचित अन्तरिम सुरक्षा विधिहरु प्रदान गर्ने, तथा सम्बन्धित सबै ब्यक्तिहरुका अन्तर्निहित सम्मान-प्रतिष्ठालाई ध्यानमा राखि रोकथामका प्रयत्नहरुमा विश्वविद्यालय संलग्न हुनेछ। *यौन दुराचार* का उजुरीहरु सम्बोधन गर्न तथा सो उजुरीहरुमाथि, आधारभूत प्रक्रिया व्यवस्था गर्ने, न्यायोचित तथा निष्पक्ष अनुसन्धान प्रक्रियाहरु विश्वविद्यालयले प्रदान गर्नेछ।

## III. नीति विवरण

### A. यौन दुराचार

यौन दुराचारको अर्थ निम्नानुसार छन्, र अगाडि Secction IV मा हरेक शब्दहरुका थप व्याख्या गरिएको छ:

१. यौन आक्रमण/हातपात/बलात्कार– गैर-सहमतिय यौन सहवास;
२. यौन आक्रमण/हातपात/बलात्कार – गैर-सहमतिय यौन स्पर्श/संसर्ग;
३. यौन शोषण;
४. अंतरंग संगी दुर्व्यवहार (घरेलू तथा डेटिङ्ग हिंसा लगायत);
५. पछ्याउनु/पीछा गर्नु; तथा
६. यौन उत्पीडन

### B. आधारभूत तथा निरन्तर रोकथाम तथा जागरुकता कार्यक्रमहरु

*यौन दुराचार* को रोकथाम गर्ने उद्धेश्यका, संस्कृति सापेक्ष, विविध समुदायहरु तथा पहिचानहरु समावेशी, स्थिर, क्याम्पस समुदायका आवश्यकता अनुकूल प्रतिक्रियात्मक, तथा अनुसन्धानका सूचनामा आधारित वा महत्त्व, प्रभावकारिता, वा प्राप्त हुने परिणामको मूल्याङ्कन गरिएको, विस्तृत, अभिप्रेरित, तथा एकीकृत कार्यक्रम पद्धतिहरु, पहलहरु, रणनीतिहरु, तथा अभियानहरुका सामग्रीहरु निर्माण, प्रदान, तथा प्रकाशन हरेक क्याम्पसले गर्नु पर्नेछ। नव आगन्तुक बिद्यार्थीहरु तथा नयाँ कर्मचारीहरुलाई प्रदान गरिने आधारभूत निवारण तथा जागरुकता कार्यक्रमहरु तथा विद्यमान बिद्यार्थी, संकाय, तथा कर्मचारीहरुमा निर्दिष्ट रहेका निरन्तर रोकथाम तथा जागरुकता अभियानहरु दुबै कार्यक्रम-पद्धति समावेश गरिएको हुनुपर्नेछ।

आफ्ना छात्र-छात्रा, संकाय, तथा/वा कर्मचारीहरुका विशेष आवश्यकताहरुलाइ मध्यनजर गरि हरेक क्याम्पसले आफ्नो रोकथामका कार्यक्रमहरु विकास गर्नुपर्नेछ। रोकथाम कार्यक्रमहरुमा निम्न समावेश रहेको हुनुपर्नेछ:

१. विश्वविद्यालयले *यौन दुराचार* प्रतिबन्धित गरिआएको वक्तब्य तथा सो नीतिको सूचना प्रदान गरिने जानकारी, क्याम्पसको उजुरी प्रक्रिया तथा कार्यविधिहरु, तथा उजुरी दर्ता गर्ने स्थानहरुका जानकारी रहनुपर्ने;

२. लागू अपराधिक क्षेत्राधिकार अन्तर्गत रहेका डेटिङ्ग (प्रेमप्रसंग) हिंसा, घरेलू हिंसा, *यौन दुराचार*, तथा पीछा गर्नु/पछ्याउनु का व्याख्या/परिभाषाहरु;

३. यौन दुराचार नीति अन्तर्गतका यौन गतिविधि मा उल्लेख गरिए अनुसार, तथा लागू अपराधिक क्षेत्राधिकार अन्तर्गतका, *समर्थनात्मक सहमति* को व्याख्या;

४. क्षति/हानि पुग्नबाट जोगिन/जोगाउन कुनै ब्यक्तिले अपनाउन सकिने वा कुनै ब्यक्तिमाथि *यौन दुराचार* को जोखिम रहे/भएको अवस्थामा हस्तक्षेप गर्न, फौजदारी हस्तक्षेपका लागि सुरक्षित तथा सकारात्मक विकल्पहरु;

५. दुर्व्यवहारपूर्ण बानी-ब्यहोराको पहिचान गरि यौन दुराचारका जोखिम कसरी कम गर्न सकिन्छ भन्ने जानकारीहरु, तथा संभावित आक्रमणहरुबाट कसरी जोगिने भन्ने जानकारी; तथा

६. तथाकथित पिडितहरुका लागि उपलब्ध प्रक्रियाहरु सम्बन्धि जानकारी तथा आरोपित यौन दुराचारको सूचना दर्ता गरिए पश्चात क्याम्पसले अपनाउने कार्यपद्धतिहरु।

### C. यौन दुराचारको घटना भए पश्चात सूचना दर्ता तथा सहायताका विकल्पहरु

कुनै बिद्यार्थी, संकाय, वा कर्मचारी सदस्यले *यौन दुराचार* को घटनाको सूचना दर्ता गरेको अवस्थामा, क्याम्पस परिसरमा वा बाहिर जहाँसुकै घटना घटेको भएतापनि, *यौन दुराचार* भोगेका उजुरीकर्ता पक्षलाई विश्वविद्यालयले निम्न लिखित सूचना प्रदान गर्नेछ:

१. सूचना दिने अधिकार तथा विकल्पहरु, तपसिल सहित:

क. आरोपित अपराध सूचना कसलाई तथा कसरी खबर गर्ने, साथसाथै क्याम्पस अधिकारी तथा स्थानिय कानून प्रवर्तक अधिकारीहरु;

ख. उजुरी दर्ता गर्न क्याम्पस अधिकारीहरुले सहयोग प्रदान गर्नुपर्ने; तथा
ग. त्यस्ता अधिकारीहरुलाई सूचना गर्न अस्वीकार गर्ने।

२. आरोपित अपराधिक घटना घटेको प्रमाणित गर्न वा सुरक्षा आदेश जारी गराउन सहयोगी सबूत-प्रमाणहरुलाई सुरक्षित राख्नुको महत्वको बारेमा;

३. ब्यक्तिविशेषले सुरक्षा आदेश (Protection Order) प्राप्त गर्न, सम्पर्क निषेधको आदेश (No-Contact Order), आपत्कालिन निरोधक आदेश (Restraining Order) वा अदालत वा अधिकार प्राप्त अन्य निकायबाट जारी गरिने समान प्रकृतिका अन्य वैधानिक आदेशहरु प्राप्त गर्न सकिने विधिहरुका बारेमा;

४. परामर्ष, स्वास्थ्य, मानसिक स्वास्थ्य, पिडित वकालत, कानूनी सहायता, भिसा तथा अध्यागमन सहायता, फोरेन्सिक विधिको यौन आक्रमण/बलात्कार परिक्षण गर्ने नर्स (Forensic Sexual Assault Nurse Exam (SANE))को उपलब्धता, तथा पिडितहरुको सहायताका लागि क्याम्पस तथा समुदायभित्र रहेका अन्य सेवाहरुको उपलब्धताको बारेमा; तथा

५. उपलब्ध शैक्षिक तथा आवासीय समायोजन सहित, कार्य-व्यवस्था तथा यातायात फेरबदलमा उपलब्ध सहायताहरु, तथा विकल्पहरु। *यौन दुराचार* भोगेको सूचना दिने ब्यक्तिले क्याम्पसको अनुसन्धानमा वा अनुशासनिक कार्यविधिमा सहभागि हुन, वा अपराधको सूचना कानून प्रवर्तकको मा दर्ता गराउन चाहेको वा नचाहेको कुनैपनि अवस्थामा, सूचना जारी गर्ने तथा समायोनहरु, उचितरुपमा उपलब्ध रहेको खण्डमा, व्यवस्था गर्ने/गराउनेछ।

सूचित गर्ने विकल्प तथा सहायताहरु:

सी.यू. बोल्डर
सी.यू. कोलोराडो स्प्रिङ्स
सी.यू. डेन्भर
सी.यू. आन्सूत्ज मेडिकल क्याम्पस
सी.यू. प्रणाली प्रशासनिक (System Administration) *(सी.यू. बोल्डरद्वारा प्रशासित)*

## D. गोप्य स्रोतहरु तथा गोपनियता

१. गोप्य स्रोतहरु/सूचित गर्ने स्वतन्त्र दायित्त्व – सबै पक्षहरुबाट गोप्य स्रोतहरुको उपयोग गरिनुमा विश्वविद्यालयको समर्थन रहन्छ। यो नीति अन्तर्गत, गोप्य स्रोतको भूमिका रहेका कर्मचारीहरु *यौन दुराचार* को सूचना दिन अनिवार्य रहने *"उत्तरदायी कर्मचारी"*को रुपमा मानिंदैन। "*उत्तरदायी कर्मचारी*" संग भएका *यौन दुराचार* सम्बन्धि संवाद/संचार गोप्य रहंदैन, तथा सो कर्मचारीहरुले यौन दुराचारको खबर जानकारी गराईएको खण्डमा शीर्षक IX समन्वयकर्ता वा पदाधिकारीलाई अनिवार्य सूचित गर्नु पर्ने दायित्त्व रहन्छ।

यो नीति अन्तर्गत गोप्य स्रोतको भूमिकामा पर्ने ब्यक्तिले कतिपय अपराधिक गतिविधिहरुका खबर, कानून प्रवर्तक अधिकारीहरुलाई, सूचित गर्नुपर्ने स्वतन्त्र दायित्व भने रहन सक्दछ। गोप्य स्रोतको भूमिका रहेका जो कोहीले पनि क्याम्पस कानूनी परामर्ष शाखामा, त्यस्ता सूचित गर्ने स्वतन्त्र दायित्वहरु रहे/नरहेको निर्धारण गर्न, परामर्ष गर्न सक्नेछन।

क्लेरी ऐन सूचना दर्ता: Clery Act Reporting

"क्याम्पस सुरक्षा अधिकारीहरु" का भूमिका रहने ब्यक्तिहरुले क्लेरी ऐन अन्तर्गत अपराधको सूचना दिने प्रायोजनको लागि, आफ्ना दायित्वहरुका सारांश निम्न ठेगानाहरुमा प्राप्त गर्न सक्नेछन्:

सी.यू. बोल्डर
सी.यू. कोलोराडो स्प्रिङ्स
सी.यू. डेन्भर
सी.यू. आन्सूत्ज मेडिकल क्याम्पस
सी.यू. प्रणाली प्रशासनिक (System Administration) *(सी.यू. बोल्डरद्वारा प्रशासित)*

गोप्य स्रोतहरु:

[सी.यू. बोल्डर]
[सी.यू. कोलोराडो स्प्रिङ्ग्स]
[सी.यू. डेन्भर]
सी.यू. आन्सूत्ज मेडिकल क्याम्पस
[सी.यू. प्रणाली प्रशासनिक] (System Administration) *(सी.यू. बोल्डरद्वारा प्रशासित)*

२. उजुरीकर्ता पक्षले कार्वाही अग्रसर नगर्न गरेको निवेदन तथा अधिलेखन कारक-तत्त्वहरु: यदि कुनै ब्यक्तिले यौन दुराचारको घटनाको खबर गरिसकेको, तर गोपनीयताको अपेक्षा गरेको वा कारवाही अघि नबढाईयोस वा अनुशासनात्मक कारवाही नगरियोस भन्ने अनुरोध गरेको अवस्थामा, OIEC का सह उपकुलपति वा पदाधिकारीले विश्वविद्यालयबाट प्रतिशोधहरु प्रतिबन्धित रहेको र कुनै ब्यक्ति समाधानको प्रक्रियामा सम्मिलित भएको खण्डमा प्रतिशोध रोकथाम गर्न चालिने कदमहरुका बारेमा जानकारी प्रदान गरिने, तथा भएको खण्डमा विश्वविद्यालयले प्रतिक्रियात्मक कारवाही चाल्ने कुराको जानकारी खुलस्त गर्नेछ।

प्रतिशोधहरु माथी विश्वविद्यालयको प्रतिबन्ध रहेको तथा प्रतिशोध रोकथाम गर्ने र प्रतिशोधका काम–कारवाही भए/गरेको अवस्थामा त्यस प्रति प्रतिक्रिया दिने बाध्यताको बारेमा जानकारी गराइए पश्चात पनि कुनै ब्यक्तिले, गोपनियता कायम राखियोस, अनुसन्धान नगरियोस र अनुशासनात्मक कारवाही अघि नबढाइयोस भन्ने, अनुरोध गरेको अवस्थामा OIEC का सह उपकुलपति वा पदाधिकारीले त्यस्ता अनुरोधले विश्वविद्यालयको सुरक्षित तथा भेदभाव रहित वातावरण सम्पूर्ण बिद्यार्थी, संकाय तथा कर्मचारीहरुलाई प्रदान गर्ने जिम्मेवारीमा पर्न जाने असरको मूल्यांकन गर्नेछ। सो निर्धारण गर्ने क्रममा OIEC का सह उपकुलपति वा पदाधिकारीले अनुसन्धान सुचारु गर्न, यौन दुराचारको अनुसन्धान पछि अनुशासनात्मक कारवाही गर्न/गराउन, निम्न लिखित अवस्थाहरु सहित निर्णय रद्द गर्न/गराउन सक्ने विभिन्न अधिलेखन कारक–तत्त्वहरुको विचार गर्नेछ:

क. यदि कथित दोषीले थप दुराचार वा अन्य हिंसाका कार्य गर्ने जोखिम रहेको;
ख. यदि कथित दुराचारको घटनाको गंभीरता, जसमा कथित दोषीले कथित पिडित वा अन्य कसैलाई थप दुराचार वा अरु कुनै हिंसात्मक कार्यको धमकी दिएको, वा कथित दुराचार कथित पिडितको असक्षमताको सहूलियत रहन गएकोले, वा कथित दोषी अरु कुनै दुराचार वा हिंसात्मक व्यवहारका कारण कानूनी वा अनुशासनात्मक कारवाहीमा जिम्मेवार पाइएको;
ग. यदि कथित दुराचार हतियारको बलमा गरिएको/भएको;
घ. यदि कथित पिडित नाबालिग रहेको;
ङ. यदि विश्वविद्यालयसंग कथित पिडितको बयान बाहेक कथित दुराचारबारे सम्बन्धित प्रमाणहरु जुटाउने अन्य माध्यमहरु रहेको (उदाहरणका लागि, सुरक्षाकर्मी वा सुरक्षा निरिक्षण क्यामरा, वा भौतिक प्रमाण); वा
च. यदि कथित दुराचारको घटनाले, स्थानविशेष वा कुनै समूहविशेषद्वारा अपराधको कुनै ढाँचा रहे/नरहेको उजागर गरेमा;

अनुसन्धान वा न्यायिक प्रक्रियामा नजाने, कुनै ब्यक्तिको अनुरोधका बावजूद कारवाही अघि बढाउने निर्णय भने हरेक मामिलाका व्यक्तिगत समीक्षा पश्चात अवस्था हेरिकन गरिनेछ।

३. यौन दुराचारका सत्य–तथ्यहरु – *यौन दुराचार*को कार्यकलापमा कुनै कर्मचारी जिम्मेवार ठहर रहे/नरहेको जानकारीको विषयमा तेस्रो पक्षहरुलाई वैधानिकरुपमा चासो रहन सक्ने कुरामा विश्वविद्यालय अवगत रहेको छ। अनुसन्धान पश्चात तथा पुनरावेदनका कुनै पनि अधिकारहरु कार्यान्वयन समाप्ति पश्चात, कुनै कर्मचारीले *यौन दुराचार* गरेको जिम्मेवार ठहरिए, त्यस्तो अवस्थामा, जागीरको संभावित संस्थाबाट वा ईजाजत प्रदान गर्ने वा प्रमाणित गर्ने संस्थाबाट सोधपूछ भएको खण्डमा विश्वविद्यालयले सो कर्मचारीबाट *यौन दुराचार*का नीति उल्लंघनको जिम्मेवार रहेको जानकारी पुष्टि गर्न सक्नेछ। कुनै कर्मचारीमाथि संभावित *यौन दुराचार*को अनुसन्धान विचाराधीन रहेको वा सो कर्मचारीले संभावित *यौन दुराचार*को अनुसन्धान विचाराधीन रहेको क्रममा जागीरबाट राजीनामा दिएको जानकारी पनि पुष्टि गर्न सक्नेछ। कोलोराडो खुल्ला अभिलेख ऐन (Colorado Open Records Act) बाट अपेक्षित, *यौन दुराचार*को अनुसन्धान सम्बन्धित वा *यौन दुराचार*का सत्य–तथ्य जानकारीहरुका कुनै पनि दस्तावेज, कानूनले ईजाजत प्रदान गरेको अवस्थामा बाहेक, विश्वविद्यालयले प्रकाशन/उपलब्ध गर्ने छैन।

## E. यौन दुराचारको सूचना दर्ता

१. सूचना दर्ताको उद्देश्य – विश्वविद्यालयको समुदायका सदस्यहरुलाई *यौन दुराचार*को सूचना दर्ता गर्न/गराउन कोलोराडो विश्वविद्यालयले संयन्त्रहरु प्रदान गर्दछ। दर्ता गरिएका सूचनाहरुले विश्वविद्यालयलाई, उचित रहेको अवस्थामा, अनुसन्धान सञ्चालन गर्न मद्दत गर्दछ, साथसाथै सहायता सेवाहरुका विषयमा सम्बन्धित सबैलाई जानकारी गर्न/गराउन सहयोग गर्दछ तथा

त्यस्ता सेवाहरुमाथि पँहुच पुर्याउने वातावरण व्यवस्था गर्ने अवसर दिनेछ। सूचना दर्ताले संस्थागत जोखिमहरु पहिचान गर्न विश्वविद्यालयलाई मौका प्रदान गर्ने, विश्वविद्यालयका प्रशिक्षण कार्यक्रमहरुका प्रभावकारीता बढाउंने, तथा विश्वविद्यालयको समुदायलाई हानि हुनबाट जोगाउने आवश्यक थप सेवाहरुको पहिचान गर्ने, अवसर प्रदान गर्दछ। कोलोराडो विश्वविद्यालयले *यौन दुराचार*को सूचना दर्ता गर्ने कार्यलाई, शैक्षिक तथा रोजगार अवसरमाथि समान पँहुच पुर्याउने वातावरण आफ्ना क्याम्पसहरुमा व्यवस्था गर्ने क्षमताका लागि आधारभूत आवश्यकताको दृष्टिकोणबाट हेर्दछ।

२. "*उत्तरदायी कर्मचारीहरु*"को भूमिका नरहेका बिद्यार्थी तथा विश्वविद्यालय समुदायका अन्य सदस्यहरुबाट सूचना दर्ता – विश्वविद्यालय समुदायका सम्पूर्ण सदस्यहरु, *उत्तरदायी कर्मचारी*को व्याख्यामा नपर्ने जो कोही सहित, लाई *यौन दुराचार*को सूचना शीर्षक IX समन्वयकर्ता (Title IX Coordinator) वा पदाधिकारीलाई खबर गर्न, विश्वविद्यालयले प्रोत्साहित गर्दछ। उजुरीकर्ताहरु तथा साक्षीहरुलाई, यो नीति अन्तर्गत निषेधित आचरणको बारेमा सूचना दिन तथा सो सूचनाहरुको समीक्षा गर्न अवसर प्रदान गर्न प्रोत्साहित गर्ने उद्देश्यले, *वादी, प्रतिवादी* वा *साक्षी*को रुपमा विश्वविद्यालयलाई निष्ठापूर्वक खबर गर्ने ब्यक्तिमाथि वा सो तथाकथित *यौन दुराचार*को घटनाको अनुसन्धानमा सहभागी हुने, कुनै ब्यक्तिलाई क्याम्पसको बिद्यार्थी आचार संहिता विपरित ब्यक्तिगत रुपमा मद्यपान वा अन्य लागुपदार्थ सेवन भए/गरेको अवस्थामाथि विश्वविद्यालयले कुनै अनुशासनिक कारवाही अघि बढाउने छैन। तथापी, *प्रतिवादी*ले होशहवासमा सेवन गरेको मद्यपान वा लागुपदार्थको उन्मादमा मदहोश हुनेपुगेको अवस्था, यौन दुराचारमा संलग्न हुन पुगेको घटनालाई बचाउ गर्ने सफाईको रुपमा भने मान्य हुने छैन।

३. उत्तरदायी कर्मचारीहरुले यौन दुराचारको सूचना बुझाउनैपर्ने दायित्व — विश्वविद्यालय समुदायका धेरै जसो सदस्यहरु, सामान्यतया संकाय तथा निरिक्षकको जिम्मेवारी प्राप्त प्रशासनिक सदस्यहरु सम्मिलित कर्मचारीहरु, *उत्तरदायी कर्मचारी*हरु हुन्, जसले *यौन दुराचार*को सूचना शीर्षक IX समन्वयकर्ता (Title IX Coordinator) वा पदाधिकारी समक्ष तत्काल पेश गर्नु पर्ने रहन्छ। अंश(Section IV) IV मा उ*त्तरदायी कर्मचारी*को पूर्ण व्याख्या प्रदान गरिएको छ।

क. विश्वविद्यालय समुदायका कुनै सदस्यले यौन दुराचारको अपराध गरेको वा भोगेको विवरणका तथाकथित सूचना मौखिक वा लिखितरुपमा प्राप्त गरेको वा सो को साक्षी रहेको/रहन पुगेको अवस्थामा, कुनै पनि उत्तरदायी कर्मचारीले, सो आरोपको सूचना शीर्षक IX समन्वयकर्ता (Title IX Coordinator) वा पदाधिकारी समक्ष तत्काल पेश गर्नु पर्दछ। विश्वविद्यालय समुदाय सदस्यहरुमा बिद्यार्थीहरु, संकाय, कर्मचारी, ठेकेदारहरु, बिरामीहरु, क्याम्पस भ्रमणमा आउने आगन्तुकहरु, स्वयंसेवकहरु, तथा सम्बद्धता भएका निकायहरुका कर्मचारीहरु पर्दछन्। *यौन दुराचार* सम्बोधन गर्न वा भविश्यमा हुन सक्ने घटनाहरु रोकथाम गर्न विश्वविद्यालयको क्षमता रहनसक्ने हुनाले, यौन दुराचार अपराध गरेको वा खप्नु परेका कुनै ब्यक्ति विश्वविद्यालयमा हाल भर्ती वा कार्यरत रहे/नरहेको बावजूद, सूचित गर्ने दायित्व स्वतन्त्ररुपमा कायमै रहन्छ।

ख. उत्तरदायी कर्मचारीले शीर्षक IX समन्वयकर्ता वा पदाधिकारीलाई, तथाकथित यौन दुराचार सम्बन्धित भए/रहेका सम्पूर्ण विवरणहरु तत्काल पेश गर्नु पर्ने दायित्व रहन्छ, साथसाथै:

i. तथाकथित पिडितको नाम;
ii. तथाकथित दोषीको नाम;
iii. कुनै पनि तथाकथित साक्षीहरुका नाम; तथा
iv. तथाकथित घटनाको मिति, समय तथा घटनास्थल सहित अन्य प्रासंगिक तथ्यहरु

यी जानकारीहरु *उत्तरदायी कर्मचारी*ले प्रारंभिक सूचना दर्ताको समयमा सूचित गर्न असमर्थ रहेमा, तर पछि थप विवरणहरु जानकारीमा आएको अवस्थामा, *उत्तरदायी कर्मचारी*ले अघिल्लो सूचना दस्तावेजमा सो पूरक जानकारीहरु संलग्न गराउन बाध्य रहन्छ।

विश्वविद्यालय कानून प्रवर्तकद्वारा नियुक्त गरिएका *उत्तरदायी कर्मचारीहरु*ले यो खंण्ड अनुरुप रहि, राज्य वा संघीय कानूनद्वारा असंलग्न गरिएको अवस्थामा बाहेक (उदाहरणमा: पिडित सम्बन्धित परिचय/पहिचानहरु तथा/वा नाबालिग सम्बन्धित जानकारीहरु), सूचित गर्नु/गराउनु पर्नेछ।

ग. कैयौं अवस्थामा, तथाकथित यौन दुराचारको घटना विश्वविद्यालय परिसरमा भए/नभएता पनि वा विश्वविद्यालयको शैक्षिक कार्यक्रम वा गतिविधिको क्रममा भए/नभएता पनि, कोही ब्यक्ति विश्वविद्यालय समुदायको सदस्य हो वा होइन तत्काल स्पष्ट नहुने

अवस्था रहन सक्दछ। सो अवस्थाहरुको अस्तित्व रहे/नरहेको स्वयंले अनुसन्धान गर्नुको साटो, *उत्तरदायी कर्मचारीहरुले* संभावित *यौन दुराचार*को सूचना शीर्षक IX समन्वयकर्ता वा पदाधिकारीलाई प्रदान गरि प्रारंभिक जाँचबुझ गर्न दिनु पर्दछ।

घ. संस्थागत समीक्षा समिति (Institutional Review Board)द्वारा स्वीकृत मानव विषय–वस्तु अध्ययन प्रोटोकल (human subjects research protocol)मा विषयको भूमिकामा सहभागी रहंदा कुनै ब्यक्तिले खुलासा गरेका विवरणहरु अनिवार्य सूचित गर्नु पर्ने *उत्तरदायी कर्मचारी*को दायित्त्व रहंदैन। जायज रहेका मामिलाहरुमा, संस्थागत समीक्षा समिति (Institutional Review Board)ले अध्ययनकर्ता/अनुसन्धानकर्ताहरुले IRB Research अध्ययनका क्रममा प्रेषित गरिएका सूचनाहरु विषय–वस्तुको रुपमा संलग्न भएका सबै ब्यक्तिहरुलाई प्रदान गर्न/गराउन सक्नेछ।

ङ. विश्वविद्यालयले निर्दिष्ट गरेनुसार, ओमबड्सको भूमिकामा कार्यरत रहेको क्रममा *यौन दुराचार* सम्बन्धि प्राप्त जानकारीहरु, शीर्षक IX समन्वयकर्ता वा पदाधिकारी समक्ष उत्तरदायी कर्मचारीहरुले पेश गर्नुपर्ने दायित्व रहंदैन। ओमबड्सको भूमिकामा कार्यरत नरहेको अवस्थामा खुलासा भई प्राप्त गरेका *यौन दुराचार* सम्बन्धि खबरहरु भने सूचित गर्नुपर्ने अनिवार्यता रहन्छ।

च. विशेषाधिकार–सम्बन्ध अन्तर्गतका पेशागत (स्वास्थ्य सेवा प्रदायक वा परामर्शदाता जस्ता) सेवामा कार्यरत रहेको क्रममा, यौन दुराचार सम्बन्धि, जानकारी प्राप्त गर्ने *उत्तरदायी कर्मचारीहरुले* शीर्षक IX समन्वयकर्ता वा पदाधिकारी समक्ष सूचना पेश गर्ने दायित्व रहंदैन। ति *उत्तरदायी कर्मचारीले*, विशेषाधिकार–सम्बन्धको दायरा भित्र हुने पेशागत सेवाको समय भन्दा बाहिरको समयमा प्राप्त भएका यौन दुराचारका जानकारी, सूचित गर्नुपर्ने अनिवार्यता रहन्छ। कुनै प्रकृतिका अपराधिक कार्यकलापको खबर कानून प्रवर्तकलाई सूचित गर्ने स्वतन्त्र पेशागत दायित्त्व, ति उत्तरदायी कर्मचारीहरुको, रहन पनि सक्नेछ। सूचित गर्ने स्वतन्त्र पेशागत दायित्त्व रहे/नरहेको निश्चित गर्न, कुनै पनि *उत्तरदायी कर्मचारीहरुले*, क्याम्पस कानूनी परामर्ष शाखाबाट परामर्ष प्राप्त गर्न सक्नेछन।

ज. शीर्षक IX समन्वयकर्ता वा पदाधिकारी बाहेकका अन्य निरिक्षक वा विश्वविद्यालय कर्मचारीलाई यौन दुराचारको सूचना प्रेषण गरिएको भरमा *उत्तरदायी कर्मचारीले* सूचित गर्ने दायित्व पुरा गरेको मानिने छैन।

झ. *उत्तरदायी कर्मचारीहरुले* ब्यक्तिगत रुपमा भोगेका *यौन दुराचार*का सूचना शीर्षक IX समन्वयकर्ता वा पदाधिकारी समक्ष सूचित गर्नु अनिवार्य रहंदैन, यद्यपि त्यस्ता खबर सूचित गर्न प्रोत्साहित गरिन्छ।

## F. सम्बन्धित उल्लंघनहरु

१. अन्य आचरणहरुले, *यौन दुराचार*को व्याख्या अन्तर्गत नरहेता पनि, कोलोराडो विश्वविद्यालयको कानूनी दायित्त्वहरु कायम राख्ने समर्थतामा बाधा पुर्याउने साथै शैक्षिक तथा रोजगारका अवसरहरुमाथि समान पँहुच सुनिश्चित गर्ने क्षमतामा पनि अड्चन पुर्याउंदछ। त्यसै अनुसार, निम्न आचरणहरु कोलोराडो विश्वविद्यालयले निषेधित गरेको छ:

क. सूचित गर्न असमर्थ — विश्वविद्यालयले यो नीति, यौन दुराचारको घटना सूचित गर्ने कार्यलाई प्रोत्साहन दिने तथा उत्तरदायी कर्मचारीहरुले ईमान्दारीपूर्वक सूचना संप्रेषण गर्ने धर्म–दायित्त्व पूरा गरि अनुशासनात्मक कारवाहीमा पर्नबाट बच्ने प्रकारका, शैलीमा लागू गर्नेछ। *यौन दुराचार*को आरोपको सूचना प्रेषण गर्न असमर्थ रहेको अवस्थामा, विश्वविद्यालय समुदायका कसैले *यौन दुराचार* भोगेको वा *यौन दुराचार*को अपराध गरेको खबर *उत्तरदायी कर्मचारीले* प्राप्त गरेको तथा नियतपूर्वक, जानीबुझिकन, वा लापरवाही गरि सुसूचित गर्ने दायित्त्वको अवहेलना भए/गरेको, परिणाम स्वरुप विश्वविद्यालय समुदायका कुनै सदस्यमाथि हानि पुग्न गएको अवस्थामा, मात्र यस नीतिको उल्लंघन रहे/गरेको हुनेछ।

ख. प्रतिशोध – कोलोराडो विश्वविद्यालयले, दुराचारको खबर दर्ता गर्ने मनसाय भएका, वा दर्ता गरेका, समर्थन दिएका, वा सम्बन्धित दुराचारको उजुरी दर्तासंग सम्बन्धित जानकारी प्रदान गरेका, समुदायका सदस्य विरुद्ध प्रतिशोधका कार्यकलापलाई अनुमति दिनेछैन। प्रतिशोधको व्याख्यामा, विश्वविद्यालय समुदायको सदस्य बिरुद्ध प्रत्यक्ष वा अप्रत्यक्ष त्रास, धम्की, दुर्व्यवहारहरु, तर त्यतिमा सीमित नरहने, आफ्नो संरक्षित सक्रियताका कारण शिक्षा वा रोजगारीमा प्रतिकूल कारवाहीहरु गर्नु/गराउनुलाई बुझाउंदछ। शैक्षिक वा रोजगार प्रतिकूल कारवाही को अर्थ कुनै पनि तर्कसंगत व्यक्तिलाई कुनै दुराचारका आरोपहरुको सूचना खबर गर्न वा समाधान प्रक्रियामा सहभागि हुन निरुत्साहित गर्ने कुनै पनि गतिविधिलाई बुझाउंदछ।

ग. झूठो वा भ्रामक जानकारी दिनु — दुराचारबारे झूठो र भ्रामक जानकारी दिनु यौन दुराचार, अंतरंग संगी दुर्व्यवहार र पछ्याउनु नीति र भेदभाव तथा उत्पीडन नीतिको उद्देश्य विपरित रहन्छ। विश्वविद्यालय समुदायका सदस्यहरुले दुराचारको

सूचना निष्ठापूर्वक दिनु आवश्यक रहन्छ। जानीबुझिकन वा लापरवाहीपुर्वक दुराचारको निराधार आरोप लगाउने वा जानीबुझिकन वा अनुसन्धानको क्रममा लापरवाहीपुर्वक झूठो जानकारीहरु पेश गर्ने कार्य लागू नीतिको उल्लंघन हो। सूचनामा जनाईएका सत्य–तथ्यहरु पछि प्रमाणित नभएता पनि, निष्ठापूर्वक सूचना वा जानकारी दिनु गलत वा भ्रामक जानकारी प्रदान गरिएको ठानिने छैन।

घ. सूचनामा हस्तक्षेप – विश्वविद्यालयका समुदायका कुनै पनि सदस्यले, Title IX संयोजक वा पदाधिकारीलाई, दुराचारको सूचना दिने उत्तरदायी कर्मचारी वा अन्य कोही–कसैलाई हस्तक्षेप गर्ने वा बाधा गर्न पाउनेछैन।

ङ. आदेश तथा प्रतिबन्धहरु अनुपालनमा असमर्थता– पुनरावेदनका अधिकारहरु सस्वार्थ, विश्वविद्यालयका सदस्यहरुले OIEC का सह उपाध्यक्ष वा अन्य यथोचित अधिकारीहरुबाट, लागू–नीति अन्तर्गतका, जारी गरिएका आदेशहरु, सम्पर्क–नगर्ने/नराख्ने आदेशहरु, बहिष्कार आदेशहरु, तथा अन्तरिम निलम्बनका आदेशहरु र त्यतिमा सीमित नरहि, को पालना गर्न अनिवार्य रहन्छ। पुनरावेदनका अधिकारहरु सस्वार्थ, लागू दुराचार नीति सम्बन्धित जारी गरिएका सम्पूर्ण आज्ञा तथा बन्देजहरु, विश्वविद्यालय समुदायका सदस्यहरुले, पूर्णरुपमा अनिवार्य पालना गर्नुपर्दछ।

## G. शीर्षक IX समन्वयकर्ता (Title IX Coordinator)को पद तथा दायित्वहरु

शीर्षक IX समन्वयकर्ताले, यो नीति अन्तर्गत, *यौन दुराचार* का उजुरीहरुमाथि निगरानी राख्ने जिम्मेवारी रहने तथा ति उजुरीहरुका समीक्षाको क्रममा उठ्ने प्रणालीगत समस्याहरु वा त्यस्ता समस्याहरुका ढाँचाहरुलाई पहिचान तथा सम्बोधन गर्ने रहन्छ।

हरेक क्याम्पसले शीर्षक IX समन्वयकर्ता वा कुनै निर्दिष्ट सहायक समन्वयकर्ताका नाम, शीर्षक, कार्यालय ठेगाना, फोन नम्बर, तथा इमेल ठेगाना सहितको जानकारी उपलब्धग गर्नु/गराउनु पर्नेछ।

शीर्षक IX समन्वयकर्ताहरु:

सी.यू. बोल्डर
सी.यू. कोलोराडो स्प्रिङ्गस
सी.यू. डेन्भर
सी.यू. आन्सूत्ज मेडिकल क्याम्पस
सी.यू. प्रणाली प्रशासनिक (System Administration) (सी.यू. बोल्डरद्वारा प्रशासित)

यो नीतिको कार्यक्षेत्रभित्र पर्ने सम्पूर्ण मामिलाहरुमा नीति लागू गर्न, न्यूनतम, हरेक क्याम्पसका शीर्षक IX समन्वयकर्ता वा पदाधिकारीहरुलाई कुलपतिद्वारा विशिष्ट कार्य विभाजन गरिएको तथा अधिकारहरु सुम्पिएको हुनुपर्नेछ: शीर्षक IX समन्वयकर्ताको परम दायित्व तथा अख्तियारमा निहित रहि, शीर्षक IX समन्वयकर्ताले देहाय बमोजिमका कार्यहरुका लागि दायित्व तथा अख्तियारहरु सुम्पिन सक्नेछ:

१. उजुरीहरु उचित ढंगसाथ तथा समयानुकूल रुपमा संपादन भए/नभएको सुनिश्चित गर्ने;
२. *यौन दुराचार* तथा उजुरीहरुमाथि पर्याप्त, विश्वशनीय, तथा निष्पक्ष अनुसन्धानको प्रबन्ध गर्ने;
३. गोपनियताको लागि उजुरीकर्ताका कुनै निवेदन भाग Section III.D सम्मत रहे/नरहेको समीक्षा गर्ने;
४. यौन दुराचार उल्लंघन नरहेको पुष्टि हुन आएको अवस्थामा पनि, अन्य लागू नीतिहरु वा प्रक्रियाहरु अन्तर्गत अनुचित वा गैर–पेशागत आचरणका लागि थप कारवाही वा अनुशासनिक कदम अघि बढाउन सिफारिश गर्ने। यो नीतिका कुनै प्रावधानहरु, अनुशासनिक अधिकारीले अनुचित वा गैर–पेशागत आचरण विरुद्ध थालिने अनुशासनिक कारवाहीकोअख्तियारमाथि हदबन्दी लगाउन सकिने अर्थ लाग्ने/लगाईने छैन।
५. जायज रहेको अवस्थामा, सबै पक्षहरुलाई अन्तरिम रक्षा उपचारविधि तथा समायोजनहरुको प्रबन्ध गर्ने/गराउने;
६. क्याम्पस उजुरी प्रक्रिया तथा कार्यविधिहरुको विस्तृत प्रकाशन सुनिश्चित गर्ने लगायत, क्याम्पसको उपयुक्त वेबसाइटमा प्रक्रिया तथा कार्यविधिहरु प्रेषण सुनिश्चित गर्ने;
७. अध्यक्ष तथा क्याम्पसका उपयुक्त कुलपति समक्ष, निम्न विवरणहरु समेटीएको, वार्षिक प्रतिवेदन पेश गर्ने: (क) नीतिको तथाकथित उल्लंघन रहे/भएका सूचना वा उजुरीहरुको संख्या; (ख) संलग्न पक्षहरुका वर्गीकरण (उदाहरण: बिद्यार्थी, कर्मचारी, वा अन्य); (ग) नीति उल्लंघन भेटिएको संख्या; (घ) प्राप्त गरिएका पुनरावेदनको तथ्याङ्क तथा पुनरावेदनका परिणामहरु: तथा (ङ) नीति उल्लंघनमाथि जारी गरिएका प्रतिबन्धहरुका उदाहरणहरु;

८. क्लेरी ऐन सम्मत रहने क्याम्पसको वार्षिक सुरक्षा प्रतिवेदनका प्रासंगिक नीति वक्तब्यहरु यो नीति अनुरुप रहेको क्याम्पस उजुरी प्रक्रिया तथा कार्यविधि सम्मत रहेको समीक्षा तथा पुष्टी गर्ने;
९. यो नीतिको अनुपालना क्याम्पसले भए/नभएको निरिक्षण गर्ने;
१०. सम्पूर्ण बिद्यार्थी, संकाय तथा कर्मचारीहरुका लागि सूचित गर्ने तथा *यौन दुराचार* रोकथाम सम्बन्धि निरन्तर प्रशिक्षण तथा शिक्षा कार्यक्रम जारी रहेको सुनिश्चित गर्ने;
११. यो नीतिको अनुपालन रहेको सम्बन्धित कागजात तथा अभिलेखहरु व्यवस्थापन गर्ने लगायत, तर त्यतिमा सिमित नरहने, कुनै पनि प्रशिक्षणहरुका कागजपत्रहरुका प्रतिलिपि राख्ने, बिद्यार्थी तथा कर्मचारीहरुको प्रशिक्षणमा संलग्नताको निगरानी गर्ने, क्याम्पसको उजुरी प्रक्रिया तथा कार्यविधिका हरेक चरणहरुको आलेख राख्ने, यौन दुराचार, अनुसन्धान, तथा प्रतिबन्ध भोगीरहेका ब्यक्तिहरुलाई व्यवस्था गरिएका अन्तरिम उपचारविधिहरु तथा समायोजनहरुका आलेख; तथा
१२. आफ्नो शैक्षिक तथा रोजगार कार्यक्रम तथा गतिविधिहरुमा विश्वविद्यालयबाट लैंगिक विभेद नगरिने वक्तब्यको विस्तृत प्रचार–प्रसार सुनिश्चित गर्ने।

## H. प्रारंभिक छानवीन तथा उत्तरवर्ती कारवाही संचालन गर्ने शीर्षक IX समन्वयकर्ता (Title IX Coordinator)को क्षेत्राधिकार

१. लैंगिक पहिचान, यौन अभिविन्यास, लैंगिक अभिब्यक्ति वा लैंगिक परिचय जुनसुकै रहे/भएता पनि यौन दुराचार नीति सम्पूर्ण बिद्यार्थी, संकाय, कर्मचारी, ठेकेदार, बिरामी, स्वयंसेवी, सम्बद्ध निकाय, तथा अन्य तेस्रो पक्षहरुमा लागू हुनेछ। पुनरावेदनको अधिकार कायम रहि, कुनै ब्यक्तिबाट यौन दुराचारका कार्यमा जिम्मेवार ठहरिएको अवस्थामा, निष्कासन वा रोजगारबाट बर्खास्त सहित वा सम्मका अनुशासनिक कारवाहीका भागिदार हुन सक्नेछ। करारपत्र खारेजी तथा/वा इलाकामा निषेध गर्ने जस्ता कारवाही लगायत, यो नीति उल्लंघनको आरोपित तेस्रो पक्षको आचरण विषयमा, के कस्ता संभावित कारवाहीहरु अपनाउने भन्ने कुरा विश्वविद्यालयले विचार गर्नेछ, तर सो विकल्पहरु प्रबन्धका परिस्थिति अनुसार सिमित हुन सक्नेछन।

२. यौन दुराचार तथा अन्य सम्बन्धित उल्लंघन विरुद्धका नीतिहरु क्याम्पसमा घटेका आचारहरुमाथि लागू हुनेछ। देहाय बमोजिमका अवस्थाहरुमा पनि, अनलाईन वा विद्युतीय माध्यमबाट भएका आचार लगायत क्याम्पस बाहिर भएका आचारहरुमाथि पनि यो नीति लागू रहन्छ:

क. यदि सो आचार, विश्वविद्यालय अन्तर्गतका रोजगारी वा शैक्षिक कार्यक्रम वा गतिविधिको सिलसिलामा भएको अवस्था; वा

ख. यदि कथित पिडित तथा कथित दोषीहरु दुबै विश्वविद्यालयका बिद्यार्थी वा कर्मचारी रहेको अवस्था; वा

ग. (क) र (ख) अन्तर्गत नरहने अन्य सबै मामिलाहरुको सम्बन्धमा, शीर्षक IX समन्वयकर्ता, वा पदाधिकारी, ले कथित दोषीमाथि, कथित पिडित र कथित दोषी बिचको सम्बन्धमाथि विश्वविद्यालयको नियन्त्रणको दायरा विचार गर्ने, तथा निम्न सूचीकृत कारक–तत्त्वहरु कथित आचारका परिवेशमा रहे/नरहेको मूल्याङ्कन गर्ने:

i. विश्वविद्यालयसंग सम्बन्ध भएका ब्यक्तिलाई तारो बनाईएको वा हानि पुर्याइएको;
ii. कथित पिडित वा अरुमाथि थप यौन वा अन्य हिंसाको धमकी दिइएको, तथा त्यस्ता हमलाको थप आचरणको तारो वा हानी विश्वविद्यालयसंग सम्बन्ध भएका कुनै ब्यक्तिलाई पर्ने सक्ने खतरा रहेको जायजरुपमा देखिए;
iii. हिंसात्मक प्रकृतिको रहेको, वा बारम्बार भएको वा गंभीरताको तीव्रता;
iv. मौजुदा वा पूर्व घटिट रहेका, कथित दोषीमाथि समान दुराचारका उजुरीहरु, वा यौन वा अन्य हिंसाको इतिहास रहेको पूर्व विद्यालयको अभिलेखले जनाउने कथित दोषीको ज्ञात इतिहास;
v. हतियारको प्रयोग वा प्रयोग गर्ने धम्की रहेको, वा हतियारमाथि पँहुच भएको वा हतियार प्राप्त गर्ने प्रयासहरु रहेको, वा विश्वविद्यालयमा हतियार ल्याएका इतिहास;
vi. एकजना भन्दा बढी कथित पिडितहरु र/वा दोषीहरु;
vii. मादक पदार्थ, लागू पदार्थ, अपांगता, बेहोशीको हालत वा अन्य माध्यमका कारण *असक्षम* रहेको अवस्थाको सहूलियत;
viii. कथित पिडित नाबालिग रहेको;
ix. स्थानविशेषमा वा समूहबाट हुने/गरेका संकेतहरु कथित *यौन दुराचार* ले उजागर गर्ने/नगर्ने; तथा/वा

x. शिकारी मानसिकता बुझाउने अन्य कुनै संकेतहरु।

शीर्षक IX समन्वयकर्ता, वा पदाधिकारी, ले माथि उल्लेख गरिएका कारक–तत्त्वहरु मध्य कुनै एक कारण उपस्थित रहेको भन्ने निर्धारण गरेको अवस्थामा, माथि उल्लेखित (क) वा (ख)अन्तर्गत नपर्ने क्याम्पस बाहिर घटेका आचरणमाथि विश्वविद्यालयले आफ्नो क्षेत्राधिकारको अभ्यास गर्ने निर्णय शीर्षक IX समन्वयकर्ता, वा पदाधिकारी, ले गर्नेछन।

यो नीति कथित प्रतिबन्धित आचरणमाथि लागू हुने/नहुने कुराको तथा यो नीति सम्मत कुनै कारवाही गर्न/गराउन विश्वविद्यालयको क्षेत्राधिकार रहे/नरहेको निर्णय गर्ने अधिकार शीर्षक IX समन्वयकर्ता, वा पदाधिकारी, को मात्र रहने।

## I. अनुसन्धान/निर्णयादेश प्रक्रिया तथा कार्यविधि

*यौन दुराचारका* कुनै पनि उजुरीमाथि शीघ्र तथा निष्पक्ष समाधान, औसत नब्बे (९०) दिन भित्र, प्रदान गर्ने हेतु हरेक क्याम्पसले लिखित उजुरी दर्ता प्रक्रिया तथा कार्यविधि स्थापित गरिने, जायज कारणका लागि ढिलाई भएको अवस्थामा *वादी* तथा *प्रतिवादी* लाई ढिलाई भएको जानकारी तथा ढिलाईको कारण सहित सूचना प्रदान गरिनेछ। अनुसन्धानात्मक प्रक्रियामा निर्णयादेश तथा/वा अनुशासनिक कार्यविधि पनि,अनुसन्धानको चरण देखि निर्णायक नतिजाका चरणसम्म शीघ्र, न्यायोचित, तथा निष्पक्ष प्रक्रिया प्रदान गर्ने/गराउने वातावरण प्रदान गरेमा, सम्मिलित हुन सक्नेछ (आफ्नो भनाई राख्ने अवसर वा बक्तव्य प्रदान गरि आरोप(हरु)लाई प्रतिक्रिया दिने, फेला परेका सत्य–तथ्यको लेखाजोखा गरिने, तथा कुनै नीतिको उल्लंघन रहे/नरहेको निर्धारण जस्ता उदाहरणहरु):

1. वादी वा प्रतिवादी प्रति वा विरुद्ध कुनै पक्षपातपूर्ण पूर्वाग्रह वा स्वार्थको द्वन्द नरहेका प्रशिक्षित अधिकारीहरुद्वारा संचालित हुनेछ। कुनै अधिकारीलाई आफ्नो निष्पक्षता, वादीह(हरु) वा प्रतिवादी(हरु) विरुद्ध सो अधिकारीको ब्यक्तिगत पूर्वाग्रह वा पक्षपात रहेको कारणले, वा सो अधिकारीको कुनै एक पक्षसंग ब्यक्तिगत वा पेशागत संबन्ध रहेको जसको कारण सत्य-तथ्यको सोधखोज निष्पक्षरुपमा सेवा गर्ने सो अधिकारीको क्षमतामा प्रतिकूल असर पर्ने संभावना रहेको, माथी कुनै स्वतन्त्र समीक्षकले तर्कसंगत प्रश्न उठाउन सक्ने लागेमा, सो अधिकारीले त्यस्ता न्यायिक प्रक्रियामा आफ्नो संलग्नता अस्वीकार गर्नु पर्दछ;

2. न्यायिक प्रक्रियाको थालनी हुनु अगावै वा विचारधीन अवस्थामा अन्तरिम विधिहरु प्रदान गरिने। अन्तरिम विधिहरुको प्रायोजन, उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले उचित ठानेको तथा उपयुक्तरुपमा उपलब्ध रहेको अवस्थामा, संभव रहेको खण्डमा शैक्षिक वा रोजगारको वातावरण कायम गरिराख्ने रहेको हो, साथै यसमा निम्न व्यवस्थाहरु पनि सम्मिलित हुन सक्ने; परामर्ष, समायवधी वृद्धि, वा शैक्षिक-कक्षा सम्बन्धित समायोजनहरु, कक्षा वा कार्य-तालिकामा हेरफेर, ब्यक्तिगत सुरक्षाकर्मी तैनाथ गर्ने, पक्षहरुबिचको सम्पर्कमा बन्देज लगाउने, आवास वा कार्यस्थलमा फेरबदल, गैरहाजिरी छुट्टी, क्याम्पस परिसरका केहि स्थलहरुमा निगरानी वा थप सुरक्षा तैनाथ गर्ने, तथा अन्य समान व्यवस्था/समायोजनहरु। उपचारात्मक तथा रक्षात्मक विधि निर्देशक वा पदाधिकारीले संकलन गरेका जानकारीहरुमा आधार रहि, अन्तरिम विधिहरु वैयक्तिक तथा यथोचित हुनुपर्ने;

3. जानकारीमा रहेका तथा उपलब्ध रहेसम्मका, *उजुरीकर्ता*को परिचय, कथित उल्लंघन गरिएका नीतिको तोकिएका अंश, नीतिको संभावित उल्लंघन रहन सक्ने आचरण, कथित घटना घटेको समय र स्थान सहित कथित आक्षेपको अग्रिम सूचना सबै पक्षलाई दिइने;

4. अंतर्वार्तामा अर्थपूर्ण सहभागिताकोलागि तयारी गर्न पर्याप्त समयावधी सहित सहभागी हुनु अघि समयमै *वादी* तथा *प्रतिवादी* लाई सूचना पाउने अवसर दिइन्छ;

5. *वादी* तथा *प्रतिवादी*लाई उनीहरुका रोजाई अनुरुप, वकील, अधिवक्ता, वा अनुसन्धानको संभावित साक्षी नरहेको वा अनुसन्धानमा धक्का पुर्याउन सक्ने संभावना नरहेका कुनै एक ब्यक्ति लगायतका एकजना सल्लाहकार, औपचारिक न्यायिक प्रक्रियामा सल्लाह-सुझाव तथा सहयोग प्रदान गर्ने, साथै त्यस्मा सीमित नरहने गरि, OIEC का अधिकारीहरुसंग कुनै पनि छलफलका लागि उपस्थित रहन नियुक्त गर्न दिने। छानवीनमा सहभागी कुनै पनि ब्यक्तिप्रति उत्पीडन वा प्रतिशोधका व्याख्या लागू हुने काम-कर्तब्यमा सल्लाहकार सहभागी हुन नहुने, तथा उत्पीडन वा प्रतिशोधात्मक आचरणहरु गरे/रहेको अवस्थामा अगाडि थप प्रक्रियामा सहभागीताबाट प्रतिबन्धित हुन सक्नेछ;

6. वादी, प्रतिवादी, साक्षीहरुले प्रदान गरेका तथा अनुसन्धानको क्रममा संकलित अन्य दस्तावेजहरुमा रहेका प्रासंगिक जानकारी लगायत साक्षीका परिचयहरुमाथि समयसापेक्ष तथा समान पँहुचको अवसर, कुनै पक्षलाई जानकारी प्रदान/खुलासा गर्न विश्वविद्यालयलाई कानूनले निषेध गरेको अवस्थामा बाहेक, *वादी* तथा *प्रतिवादी*लाई प्रदान गर्दछ;

7. कुनै जाँचपड्ताल वा निर्णय हुनु पूर्व लिखित प्रमाण सारांशमाथि प्रतिक्रिया गर्ने अवसर प्रदान गर्दछ;

8. *वादी* तथा *प्रतिवादी* लाई, विपक्षी तथा साक्षीलाई सोधिने प्रश्नावली पेश गर्न अवसर प्रदान गरिनेछ। पेश गरिएका प्रश्नहरुमध्येबाट कुनै प्रश्न, सम्भावित प्रमाण फेला पार्न उपयुक्त हुने गरि उचित तवरबाट मूलयाङ्कन नगरिएको देखिएमा, संभावित जानकारीका महत्त्व को तुलनामा अन्यायपूर्ण पूर्वाग्रह वा समस्याहरुमाथी भ्रम शृजना गर्ने खतरा देखिएमा, वा अनुचित ढिला-सुस्ति हुने वा संचित प्रमाणहरुको अनावस्यक प्रदर्शन हुने देखिएमा, अप्रासंगिक रहेको निर्धारण गरि सोध्न अस्वीकार गर्न सक्नेछन्। कुनै पनि पक्षको पूर्व यौन इतिहास विषयक प्रश्नहरु साधारणतया सबूत-प्रमाणको रुपमा नहुने, तथा यौन दुराचार घटेको घटनासंग प्रत्यक्ष सम्बन्ध राख्ने परिस्थितिमामात्र सोधपूछ गरिनेछ।

9. अन्य प्रकृतिका बिद्यार्थी उल्लंघनहरुमा चालिएका कारवाहीहरुमा लागू भएका प्रमाणका मापदण्ड सम्मत रहि, "प्रमाणको बाहुल्यता"को मापदण्डलाई लागू गरि *यौन दुराचार* वा अन्य नीति उल्लंघन भए/नभएको निष्कर्षमा पुग्न सत्य-तथ्यहरुका निचोड प्रयोगमा ल्याउनेछ। सबूत-प्रमाणको समग्रताले आरोपित *यौन दुराचार* सत्य हुनसक्ने संभावना अधिक रहेनसक्ने देखाएको अवस्थामा "प्रमाणको बाहुल्यता" परिचालनमा आउंदछ। दुबै पक्षका प्रमाणहरुका वजन बराबरी भई अनुसन्धानकर्ताले कुनै एक पक्षमा प्रमाणको बाहुल्यता भएको/रहेको निर्णय गर्न असमर्थ हुन पुगेको अवस्थामा, लागू-नीतिको उल्लंघन भएको निर्णय गर्न पर्याप्त सबूत-प्रमाणको अभाव रहेको अनुसन्धानकर्ताले निर्धारण गर्नुपर्नेछ। प्रमाणको बाहुल्यताको मापदण्ड लागू गर्नका लागि, अनुसन्धानकर्ताले प्रत्यक्ष वा परिस्थितिजन्य प्रमाणहरु दुबैलाई मध्यनजर गर्न सक्नेछन्। पक्षहरु तथा साक्षीकहरुो विश्वसनीयता तथा वजन निर्धारण गर्न, तिनका ज्ञानको श्रोत, स्मरणशक्ति तथा अवलोकनका अवसरहरु, तिनका बयानहरु तर्कसंगत रहे/नरहेको, बयानमा स्थिरता वा स्थिरताको कमि रहेको, तिनका नियतहरु, तिनका बयान उनीहरुका सबूत-प्रमाणले पूष्टि गरेको/नगरेको, पूर्वाग्रह, पक्षपात वा स्वार्थका संकेत-प्रमाणहरु, तथा बयान दिंदाको समयमा ब्यक्तिको हाउभाउ वा मुद्राहरुलाई मध्यनजर गर्न सक्नेछन्।;

10. निर्णायक अनुसन्धानात्मक निष्कर्षहरु जारी गर्नु अघि, आन्तरिक समीक्षा समावेश हुने;

11. *वादी* तथा *प्रतिवादी* लाई निष्कर्षको समवर्ती सूचना लिखितरुपमा जारी गरिने;

12. प्रतिबन्ध लागू गर्नु अघि, भड्काउने वा न्यूनीकरण गर्न सक्ने अवस्थाहरुका बारेमा जानकारी पेश गर्न सबै पक्षलाई अनुमति दिइने;

13. लागू गरिएका कुनै पनि प्रतिबन्धहरुका आधारका बारेमा लिखित विवरण प्रदान गर्न आवश्यक रहने;

14. बिद्यार्थी *प्रतिवादी* सम्बन्धित मुद्दाहरुको हकमा, फैसला पश्चात प्रक्रियात्मक त्रुटि रहि कुनै पक्षले न्यायोचित अनुसन्धान प्राप्त गर्नबाट वंचित भए/नभएको वा लागू गरिएको प्रतिबन्ध यो नीतिको उल्लंघन अनुरुप आनुपातिक रहे/नरहेको निर्धारण गर्न, पुनरावेदनको अवसर प्रदान गर्दछ। कुनै पक्षले, पुनरावेदनमा, अनुसन्धानको क्रममा फेला पार्ने तथा पेश गर्ने संभाव्यता नरहेको कुरा निष्ठापूर्वक प्रदर्शन गर्न सकेको अवस्थामा बाहेक, कुनै नौलो सबुत-प्रमाण पेश गर्ने छैन।

    कर्मचारी *प्रतिवादी* सम्बन्धित मुद्दाहरुको हकमा, फैसला पश्चात प्रक्रियात्मक त्रुटि रहि कुनै पक्षले न्यायोचित अनुसन्धान प्राप्त गर्नबाट वंचित भए/नभएको वा लागू गरिएको प्रतिबन्ध यो नीतिको उल्लंघन अनुरुप आनुपातिक रहे/नरहेको निर्धारण गर्न, पुनरावेदनको अवसर प्रदान गर्दछ। कुनै पक्षले, पुनरावेदनमा, अनुसन्धानको क्रममा फेला पार्ने तथा पेश गर्ने संभाव्यता नरहेको कुरा निष्ठापूर्वक प्रदर्शन गर्न सकेको अवस्थामा बाहेक, कुनै नौलो सबुत-प्रमाण पेश गर्ने छैन। यौन दुराचारको सत्य-तथ्यको परिणाम स्वरुप कुनै जारी गरिएको प्रतिबन्धमाथि, पुनरावेदनको कुनै पनि अधिकार, कर्मचारीलाई उपलब्ध भएको अवस्थामा, पुनरावेदन प्रक्रिया अनुरुप हुनेगरि संचालन गरिनुपर्नेछ, जस्तो: राज्य कर्मचारी नियमहरु(State Personnel Rules) वा विषेशाधिकार तथा कार्यकाल (Privilege and Tenure) विषयक संकाय सेनेट समिति(Faculty Senate Committee)को सामु हुने कारवाही संबन्धि नियमहरु। यो खण्डको कुनैपनि अंश कर्मचारी सम्बन्धित प्रतिबन्ध पुनरावेदनको अधिकार सृजना गर्ने हेतु, कानून वा विश्वविद्यालय नीति नियमले व्यवस्था गरेको अवस्थामा बाहेक, पढिनु वा बुझिलिनु उपयुक्त हुनेछैन।

क्याम्पस प्रक्रियाहरु:

[सी.यू. बोल्डर](#)
[सी.यू. कोलोराडो स्प्रिङ्ग्स](#)
[सी.यू. डेन्भर](#)
[सी.यू. आन्शूत्ज मेडिकल क्याम्पस](#)
[सी.यू. प्रणाली प्रशासन](#) *(सी.यू. बोल्डरद्वारा प्रशासित)*

### J. दुई वा दुईवटा भन्दा बढी क्याम्पस संलग्न रहन आउने उजुरीहरु

कुनै कथित उल्लंघनमा विश्वविद्यालयका एकभन्दा बढी क्याम्पस संलग्न हुन आएमा, *प्रतिवादी*माथी अनुशासनिक अधिकार भएको क्याम्पसले, सो उल्लंघनमा लागू उजुरी प्रक्रिया तथा कार्यविधि सम्मत रहि अनुसन्धान गर्नेछ। समाधान प्रक्रियाको जिम्मेवारी रहने क्याम्पसले अन्य प्रभावित क्याम्पसको संलग्नता वा सहयोग माग्न सक्ने र प्रभावित क्याम्पसका उचित अधिकारीहरुलाई प्रगति र परिणामबारे जानकारी गराउनु पर्नेछ।

## IV. परिभाषाहरु

यस प्रशासनिक नीति विवरणमा *तेर्सो परेका शब्दहरु* [APS शब्दावली Glossry of Terms](#) मा वा यस शब्दावलीमा व्याख्या गरिएका छन्।

क. **स्वीकारात्मक सहमति:** को अर्थ कुनै निर्धारित यौन कार्यकलापमा संलग्न हुन स्पष्ट तथा स्वेच्छापूर्ण सहमति हो। सहमति भनेको स्पष्ट, होशहवासमा तथा स्वेच्छापूर्ण रुपले शाब्दिक वा क्रियाद्वारा पारस्परिक समझदारी बुझाई यौन कार्यकलापमा संलग्न हुने ईच्छा, सो का सर्तहरु सहित, जाहेर गर्ने स्पष्ट अनुमतिलाई बुझाउंदछ। सक्रिय सहमति हुन/रहन अनिवार्य रहन्छ; मौनता स्वयंलाई स्वीकृतिको रुपमा अर्थ लगाउन सकिंदैन।

यदि धमकीको प्रयोग मार्फत, वा डर-त्रास देखाई, वा कुनै अशक्त रहेका ब्यक्तिबाट प्राप्त भएको, जस्ता बलजफती प्राप्त गरिएका सहमति ठोसरुपमा दिइएको सहमतिको रुपमा हुनेछैन:

- **बल** को अर्थ शारीरिक/भौतिक हिंसाको प्रयोग वा यौन अभिगमनको लागि कसैमाथि जाईलाग्नु।
- **धमकी** को अस्तित्व, कुनै पनि तर्कसंगत ब्यक्तिलाई अन्य ब्यक्तिको शब्दहरु वा क्रियाकलापहरुले यौन संसर्गको लागि स्वीकृति दिन बाध्य रहन जाने, जुन स्वीकृति दिन उ वा उनी अन्यथा राजी नरहने, सो अवस्थामा विद्यमान रहन्छ। उदाहरणको लागि, कसैलाई हानि/चोट पुर्याउने वा ज्यान मार्ने धमकी, स्वयंलाई हानि/चोट पुर्याउने वा मार्ने धमकी, वा कुनै ब्यक्तिका प्रियजनमाथि हानि/चोट पुर्याउने वा ज्यान मार्ने कुराहरु धमकीहरु हुन।
- **डर-त्रास देखाउने** कुरा, जब कुनै ब्यक्तिले अरु कसैलाई दु:ख/संकट पुर्याउने हेतु शारीरिक रुपमा प्रस्तुत/उपस्थित हुनु, शारीरिकरुपमा स्पर्श नै नरहे/नभएता पनि, वा आक्रमणकारीबाट पूर्व घटित हिंसात्मक व्यवहारको ज्ञान रहेको कारण साथै दु:ख-संकट पुर्याउने उद्धेश्यका व्यवहारहरु रहेको, जसको कारण सांकेतिक धमकीको रुपमा कुनै ब्यक्तिलाई डर-त्रासपूर्ण अवस्थामा पार्ने, हुन आउंदछ।

वस्तुगत तथा विषयगत दुइटै मापदण्डहरुमा आधार रहि सहमतिको निर्धारण गर्ने/गरिनेछ। जब कुनै तर्कसंगत ब्यक्तिले पक्षहरुका बोली वा व्यवहारहरुले दुई ब्यक्ति बिच तय गरिएका, तय गरिए अनुसार, तय गरिएको समयमा, एक अर्का संग, गर्ने कार्यकलापका लागि सहमति रहेको स्पष्ट जाहेर रहने अवस्था वस्तुगत मापदण्डको दायरा भित्र रहन्छ। जब कुनै तर्कसंगत ब्यक्तिले पक्षहरुका बोली वा व्यवहारहरुले दुई ब्यक्ति बिच तय गरिएका, तय गरिए अनुसार, तय गरिएको समयमा, एक अर्का संग, गर्ने कार्यकलापका लागि सहमति रहेको असल नीयतका साथ विश्वस्त रहने अवस्था वस्तुगत मापदण्डको दायरा भित्र रहन्छ।

- यौन सम्पर्कको लागि अनिच्छा रहेका कुनै ब्यक्तिले स्वीकृति प्रदान गर्नै पर्ने बाध्यता हुंदैन।
- कुनै किसिमका यौन कार्यकलापहरुका लागि स्वीकारोक्ति रहेको अवस्था अन्य कुनै किसिमका कार्यकलापका लागि स्वत: स्वीकारोक्ति रहेको अर्थ लाग्दैन।
- मौनता, विगतका यौन संबन्धहरु, वा वर्तमानमा सम्बन्ध रहेको अवस्थाले सहमति रहेको अर्थ लाग्दैन।
- धारण गरिएका लत्ता-कपडाका किसिमले सहमति रहेको अर्थ लगाउन सकिंदैन, वा नगद वा जिन्सी उपहारहरुको लिनु वा दिनुले सहमति रहेको अनुमान गर्नु/गरिनु हुंदैन।

- सहमति परित्याग स्पष्टरुपमा व्यक्त गरिएको खण्डमा, यौन कार्यकलापका लागि स्वीकारोक्ति गरिएको सहमति कुनै पनि समयमा रद्द गर्न सकिन्छ।
- सहमतिको परित्यागको स्पष्ट जाहेरी मौखिकरुपमा गर्न अनिवार्य नरहने तथा आचरण/व्यवहारबाट गर्न/गरिन सकिन्छ।
- प्रभावकारी सहमति दिनको लागि, यौन आक्रमण/हातपात/बलात्कार रहे/नरहेको निर्धारण गर्ने प्रायोजनको लागि, कोलोराडो कानून अनुरुप सहमति दिने ब्यक्तिको उमेर अनिवार्यरुपमा वैधानिक उमेरको हुनुपर्दछ।
- प्रतिवादीले मादक पदार्थ/नसालु पदार्थको सेवन गरेको परिणाम स्वरुप हुन पुगेको उन्मादको अवस्था कुनै ब्यक्तिसंग गैर-सहमतिय यौन कार्यकलाप गर्न/हुन पुगेको सफाई वकालत/प्रतिवादको रुपमा मान्य नहुने।